नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

**कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा**

पत्र संख्याः २०८०/८१/४.१ मितिः२०८०।०५।२२

चलानी नं.: ४१

विषयः सरकारी खाताहरु बन्द सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

यस कार्यालयको च.नं. ३४० मिति २०८०।०३।२१ को सरकारी खाताहरु बन्द गर्ने सम्बन्धमा विषयको पत्र प्राप्त गरी व्यहोरा अवगत गर्नुभएकै छ । पत्रमा उल्लिखित विवरण अनुसारका खाताहरुका सम्बन्धमा हालसम्म पनि विवरण उपलब्ध नभएकोले मिति २०८०।०५।२९ गते सम्म विवरण उपलब्ध गराईदिनुहुन पुनः ताकेता गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०८०।०५।२२

(विष्णु प्रसाद बेल्बासे)

लेखा अधिकृत

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली बिकास शाखा )

Financial Comptroller General Office

पत्र संख्याः २०७९/८० मितिः २०८०।०३।२१

चलानी नं.: ९४०

विषयः सरकारी खाताहरु बन्द गर्ने सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

सबै ८१ वटा ।

प्रस्तुत सम्वन्धमा नेपाल सरकार अर्थ मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८०/०३/१७ को निर्णय अनुसार तहा जिल्ला स्थित बैकमा रहेका सरकारी खाताहरुको सम्बन्धमा देहाय अनुसारको कार्बाही प्रक्रिया अगाडी बढाउन यस कार्यालयको मिति २०८०/०३/२१ को निर्ययनुसार अनुरोध छ ।

१. जिल्ला समन्वय समिति वा साबिक जिल्ला विकास समितिको नाममा रहेका खाताहरुमा रहेको रकम मध्य कर्मचारी कल्याण कोषको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको बिबिध कोष खातामा जम्मा गरी कल्याणकारी कोषको नाममा लेखांकन गर्ने र अन्य खाताको रकम बेरुजु १५१११ जम्मा गरी उक्त खाताहरु बन्द गर्ने गराउने ।

२. सरकारी कारोबार निर्देशिका २०७६ बमोजिमको प्रकृया र खाता समुहभित्र संचालनमा नरहेका संघिय संरचना कार्यान्वयन भन्दा पहिले खाता खुली हालसम्म पनि साबिक गाँउ बिकास समिति वा नगरपालिकाको नाममा संचालनमा रहिरहेका खाताहरुको रकम बेरुजु १५१११ मा जम्मा गरी उक्त खाताहरु बन्द गर्ने गराउने ।

३. खारेजी भएका, हाल अस्तित्वमा नरहेका, गाभिएका कार्यालय, बोर्ड, समिति लगायत यस्तै प्रकृतीका निकायको नाममा रहेको बैंक खाताहरुको रकम बेरुजु १५१११ जम्मा गरी उक्त खाताहरु बन्द गर्ने गराउने ।

४. बन्द भएका खाता संख्या र कोष तथा लेखा नियन्त्रक कार्यालयको बिबिध खातामा जम्मा गरेको रकमको बिबरण नियमितरुपमा यस कार्यालयमा पेश गर्ने

श्याम राज जोशी

लेखा अधिकृत